# विनियमको नमूना

प्रस्तावनाः

सहकारीका सिद्धान्त, मुल्य र मान्यताहरु अवलम्वन गरी सदस्यहरुमा स्वावलम्वन र पारस्पारिकताको भावनालाई बढावा दिएर आफ्नो आर्थिक एवं सामाजिक उन्नतिका लागि आवश्यक स्रोतका साथै व्यावसायिक तथा सामुदायिक सेवाहरुको बन्दोबस्त गर्ने, समानता र समताका माध्यमबाट सदस्यहरुको समृद्धि हासिल गर्न सीप, प्रविधि र परिश्रम उपयोग गरी उद्यम विकास, उत्पादन, उत्पादकत्व र बचत वृद्धि गर्ने, कृषि क्षेत्रको समग्र विकास मार्फत उत्पादित बस्तुहरुको संकलन, भण्डारण र प्रशोधन तथा बजारीकरण गर्ने तथा एवं सदस्यहरुको विस्तार गर्दै सहकारी संस्कृतिबाट समृद्ध र न्यायपूर्ण समाजको निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले सहकारी ऐन ....... बमोजिम स्थापित यस श्री **...........** **सहकारी संस्था लिमिटेड**को विनियम, **.....** लाई प्रचलित सहकारी ऐन, नियमावली बमोजिम पुर्नलेखन गर्न आवश्यक भएकोले लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी विनियम लेखन/ पुनर्लेखन गरी मिति **.......** मा बसेको ....... औं प्रारम्भिक भेला/बार्षिक साधारण सभाबाट सर्वसम्मत पारित गरी लागू गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस विनियमको नामः श्री **............ सहकारी संस्था लिमिटेडको** विनियम/पुनर्लिखित **विनियम, ....** रहेको छ ।

(ख) यो विनियम लुम्बिनी प्रदेश सरकारको सहकारी दर्ता अधिकारीबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. संस्थाको नाम, ठेगाना र प्रतीक चिन्हः-

(क) संस्थाको नामः श्री **....................** **सहकारी संस्था लिमिटेड** रहनेछ ।

अंग्रेजीमा **........... Co-operative Limited** हुनेछ ।

(ख) संस्थाको ठेगाना :- संस्थाको प्रधान कार्यालय **................** रहनेछ ।

(ग) सेवाकेन्द्रहरु :- सदस्यको आवश्यकता अनुरुप नियमनकारी निकायबाट अनुमति लिई सेवाकेन्द्र संचालन गरिनेछ ।

(घ) सामान्यतया कार्यालय राख्दा समान प्रकृतिको अर्को सहकारी संस्था रहेको भवन प्रयोग गरिने छैन ।

(ङ) संस्थाको ठेगाना परिवर्तनको सूचना अनिवार्य रुपमा आफ्ना सदस्यहरु, लुम्बिनी प्रदेशको सहकारी हेर्ने मन्त्रालय, सहकारी दर्ता अधिकारीको कार्यालय तथा सहकारीका संघहरुमा दिइनेछ ।

(च) संस्थाको साइनबोर्डमा स्पष्ट बुझिने गरी संस्थाको नाम, ठेगाना, स्वीकृत प्रतीक चिन्ह, कार्यक्षेत्र र सम्पर्कका लागि फोन, इमेल, फ्याक्स, पोष्ट बक्स आदि उल्लेख गरिनेछ ।

(छ) सम्पर्क वा पत्राचारको माध्यममा गरिने परिवर्तनको सूचना सबै सदस्य र सम्बद्ध सबै सरकारी निकाय तथा सहकारीका संघहरुमा गराइनेछ ।

(ज) संस्थाको कार्यालयमा सवैले देख्ने ठाँउमा निम्न कुराहरु खुलेको सूचना राखी सम्बन्धित सबैलाई सुसूचित गरिनेछः

(१) संस्थाको प्रमुख कारोबार ।

(२) कुल सदस्य संख्या :-

(३) कारोवारको विवरण :- यस अन्तर्गत कूल संकलित शेयर पूँजी, कूल निक्षेप संकलन, कूल लगानी र कारोवारबाट भएको लाभांश उल्लेख गरिनेछ । यस्तो विवरण लेखापरीक्षण गरेको गत आर्थिक बर्षको श्रेस्ताको आधारमा राखिनेछ ।

(४) लिने दिने ब्याज दर

(५) सञ्चालक तथा लेखा समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क फोन ।

(झ) संस्थाको प्रतीक चिन्ह र छाप अनुसूची - १ बमोजिमको हुनेछ ।

**३.परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा-

(क) "ऐन" भन्नाले लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ सम्झनु पर्छ । सो शब्दले सहकारी ऐन, २०७४ लाई समेत जनाँउदछ ।

(ख) "नियमावली" भन्नाले लुम्बिनी प्रदेश सहकारी नियमावली, २०७६ सम्झनु पर्छ । सो शब्दले सहकारी नियमावली,२०७५ लाई समेत जनाँउदछ ।

(ग) "दर्ता गर्ने अधिकारी" भन्नाले ऐनको दफा ७६ बमोजिम तोकिएको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ र सो शब्दले निजबाट अधिकार प्राप्त अधिकृत समेतलाई जनाउनेछ ।

(घ) "संस्था" भन्नाले श्री **............ सहकारी संस्था लिमिटेड** लाई सम्झनुपर्दछ ।

(ङ) "सदस्य" भन्नाले दफा ८, १० वा १४ बमोजिम संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(च) "साधारण सभा" भन्नाले संस्थाको साधारणसभा सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ३४ बमोजिम गठन भएको संस्थाको सञ्चालक समिति सम्झनुपर्छ ।

(ज) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनुपर्दछ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउनेछ ।

(झ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ञ) "व्यवस्थापक" भन्नाले दफा ४४ बमोजिम नियुक्त संस्थाको प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापक सम्झनुपर्छ ।

(ट) "विनियम" भन्नाले श्री **................ सहकारी संस्था लिमिटेड**को विनियम/ **पुर्नलिखित विनियम २०८०** सम्झनु पर्दछ ।

(ठ) "शेयर" भन्नाले संस्थाको शेयर पूँजीको विभाजित अंशलाई सम्झनु पर्दछ ।

(ड) "शेयर प्रमाण पत्र" भन्नाले शेयर किन्ने व्यक्तिलाई सो वापत संस्थाबाट दिइएको निस्सालाई सम्झनु पर्दछ ।

(ढ) "वचत परिचालन" भन्नाले सदस्यहरुवाट बचत संकलन गर्ने र सदस्यहरुमा ऋण लगानी गर्ने दुवै कार्यलाई सम्झनु पर्दछ ।

(ण) "वचत निक्षेप" भन्नाले सदस्यहरुले पूर्व निर्धारित दरमा व्याजको रुपमा लाभ प्राप्त गर्ने गरी संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ ।

(त) "ऋण" भन्नाले संस्थाले निश्चित सर्त र सम्झौताको आधारमा भविष्यमा निर्धारित दरमा व्याज बापतको रकमसमेत थप गरी फिर्ता बुझाउने गरी ऐनको दफा ५१ को अधिनमा रही ऋणको रुपमा प्राप्त गरेको रकमलाई सम्झनुपर्दछ ।

(थ) "उप-समिति" भन्नाले संस्थाद्वारा यस विनियम बमोजिम गठित उपसमितिहरुलाई सम्झनुपर्दछ । साथै सो शब्दले कुनै निश्चित कार्य गर्नका लागि अवधि तोकी गठन गरिएको उप-समिति समेतलाई जनाउनेछ ।

(द) "तोकेबमोजिम वा तोकिएबमोजिम" भन्नाले संस्थाको विनियम बमोजिम स्वीकृत नीति/नियममा उल्लेख भएकोलाई सम्झनु पर्दछ।

४. उद्देश्य :- संस्थाको मुख्य उद्देश्य निम्नानुसार रहेका छन् :

(१) सहकारी मूल्य मान्यता एवं सिद्धान्तमा आधारित क्रियाकलाप सञ्चालन गरी समृद्ध र न्यायपूर्ण समाजको निर्माणमा योगदान पुर्‍याउने ।

(२) उत्पादक सहकारी, किसान तथा उद्यमी, व्यवसायीहरुको विभिन्न कृषिका उत्पादन सङ्कलन, भण्डारण, प्रशोधन र मूल्य श्रृङ्खलामा वृद्धि गरी बजारीकरणको सुनिश्चितता गर्ने ।

(३) सदस्यहरुबीचको सहयोग, सद्भाव र एकतामा अभिवृद्धि गरी सामाजिक पूँजी निर्माणमा योगदान पुर्‍याउने ।

(४) सम्मुनत, कृषि उन्मुख अर्थतन्त्र सहितको कृषकहरुको समान अवसर प्राप्त, स्वास्थ्य, कृषि शिक्षा, सदस्यहरुको मर्यादित र उच्च जीवनस्तर सुदृढीकरण गर्ने ।

(५) सदस्यहरुको आवश्यकता, क्षमता र सम्भावनाका आधारमा लगानी गरी उद्यम व्यवसायहरुको विकास गर्ने ।

(६) वित्तीय मध्यस्थता मार्फत् बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा प्राप्त गरी कृषि क्षेत्रहरुमा लगानी अभिवृद्धि गर्ने । गुणस्तरीय सदस्य पूँजी निर्माण, उद्यमशीलता र खेर गएको भूमिको पूर्ण उपयोग गरी उत्पादन श्रृङ्खलाका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(७) विशिष्टकृत संघको सदस्यता लिने साथै उद्यमशिलता तथा व्यवसाय विस्तार गर्ने । सहकारी ऐन, सहकारी नियमावली भित्र रही अन्य काम गर्ने ।

८) विभिन्न खेति संचालन, सङकलन,प्रशोधन तथा बजारीकरणमा सदस्य लाई जोडि आर्थिक विकासमा टेवा पुरयाउने ।

**(संस्थाको प्रकृति अनुसार अन्य उद्देश्य उल्लेख गर्न सकिने )**

१२) संस्थाको उद्देश्य प्राप्तिको लागी अन्य कार्यहरु गर्ने ।

५. कार्यहरु :

(१) संस्थाले विनियमको दफा ४ बमोजिमका उद्देश्यहरु प्राप्त गर्न प्रचलित ऐन, नियम निर्देशिकाहरुको पूर्ण पालना गरी निम्न कार्यहरु गर्नेछ -:

**(संस्थाको उद्देश्य र प्रकृति अनुसारका कार्यहरु बुँदागत रुपमा उल्लेख गर्ने)**

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनबमोजिम कुनै निकायको स्विकृती लिनुपर्ने सेवा वा व्यवस्थाको हकमा संस्थाले सम्बन्धित निकायको स्विकृती लिएपछि मात्र प्राप्त स्वीकृति सर्त-बन्देज अन्तर्गत रही त्यस्तो सेवा वा व्यवसाय सञ्चालन गर्नेछ ।

६.सहकारीका सिद्धान्तः

सहकारीका निम्न सात सिद्धान्तहरुको अनुसरण गर्ने र गराउने गरी संस्थाका क्रियाकलापहरु निर्देशित हुनेछन्ः

१. स्वेच्छिक तथा खुला सदस्यता,

२. सदस्यद्धारा प्रजातान्त्रिक नियन्त्रण,

३. सदस्यहरुको आर्थिक सहभागिता,

४. स्वायत्तता तथा स्वतन्त्रता,

५. शिक्षा, तालिम र सूचना,

६. सहकारीहरुबीच पारस्पारिक सहयोग, र

७. समुदायप्रति चासो ।

**७. कार्यक्षेत्र :**

यस संस्थाको कार्यक्षेत्र लुम्बिनी प्रदेशको **.............**भित्र सिमित रहनेछ । कार्यक्षेत्र विस्तार गर्नु परेमा दर्ता अधिकारीको स्वीकृति लिई विस्तार गरिनेछ।

**८. संस्थाको सदस्य :**

(१) देहायका प्राकृतिक व्यक्तिहरु संस्थाको सदस्य हुनेछन् :

(क) संस्था दर्ताको लागि निवेदन दिने व्यक्तिहरु,

(ख) दफा ९ बमोजिमको योग्यता पुगेका तथा दफा १० बमोजिम सदस्यता वा दफा १४ बमोजिम पुनः सदस्यता प्राप्त गरेका व्यक्तिहरु।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार वा स्थानीय तहकव पूर्ण स्वामित्व भएका निकायहरु, प्रचलित कानून बमोजिम स्थापित गैर नाफामूलक संस्था, उपभोक्ता समितिहरु तथा कृषक समूह संस्थाको शेयर खरिद गरी सदस्य हुन सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम सदस्य हुन चाहने सदस्यहरुले तोकिएको ढाँचामा आवेदन दिनु पर्नेछ ।

**९. सदस्यताको योग्यता :**

(१) संस्थाको सदस्यता प्राप्त गर्न देहायको योग्यता पुगेको हुनुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,

(ख) संस्थाको कार्यक्षेत्रभित्र स्थायी रुपमा वा कम्तीमा दुई वर्षदेखि नियमितरुपमा बसोबास गरेको,

(ग) संस्थाको मुख्य व्यवसायिक सेवा आवश्यक हुनुका साथै उपयोग गर्न सक्ने अवस्थामा रहेको,

(घ) संस्थासंग प्रतिस्पर्धा हुनेगरी संस्थाको कार्य योजनामा गर्ने भनिएको कारोवार नभएको,

(ङ) यस विनियममा उल्लेख भएबमोजिम सदस्यको उत्तरदायित्व बहन गर्न स्वीकार गरेको

(च) समान प्रकृतिको अन्य कुनै सहकारी संस्थामा सदस्य नरहेको,

(छ) प्रचलित कानूनले अयोग्य नठहरिएको,

(ज) संस्थाको स्वीकृत विनियम बमोजिम सदस्यता शुल्क बुझाएको र शेयर खरिद गरेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति शुद्धीकरण निवारण कानून बमोजिम पहिचान तथा सन्तुष्टि हुन नसकेको खण्डमा सदस्यताको योग्यता नपुगेको मानिनेछ ।

## १०. सदस्यताको लागि निवेदन र प्राप्ति :

यस विनियमको दफा ९ बमोजिमको योग्यता पुगेका व्यक्तिहरुबाट तोकिएको ढाँचामा प्राप्त निवेदन स्वीकृत भएपछि निवेदकले दफा २२ बमोजिमको प्रवेश शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछन् । यसरी सदस्यता प्राप्त गर्नेलाई दफा २४ बमोजिमको शेयर प्रमाणपत्र प्रदान गरिनेछ ।

## ११. सदस्यताको अन्त्य

(१) देहायका अवस्थामा कुनै व्यक्ति वा संस्थाको सदस्यता कायम रहने छैन :

(क) तोकिएको अवधिभित्र शेयरको पूरा रकम चुक्ता नगरेमा ।

(ख) सदस्यको मृत्यु भएमा ।

(ग) मगज बिग्रिएको प्रमाणित भएमा ।

(घ) नैतिक पतन हुने फौजदारी अभियोग अदालतबाट प्रमाणित भई सजाँय पाएमा ।

(ङ) राजीनामा स्वीकृत भएमा ।

(च) सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा फिर्ता लिएमा ।

(छ) विनियमको दफा १२ अनुसार सदस्यबाट निष्कासन भएमा ।

(ज) संस्था बिघटन भएमा वा खारेजीमा परेमा ।

(झ) साधारण सभाले संस्थाको उद्देश्य वा हित विपरीत कार्य गरेको ठहर गरेमा ।

(ञ) विनियमको दफा ९ बमोजिम योग्यता नभएमा वा नरहेमा ।

(२) उपदफा (१) मा  जुनसुकै कुरा उल्लेख भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउनेछैन । राजिनामा स्वीकृत भइसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन ।

## १२. सदस्यको निष्काशन

(१) सञ्चालक समितिले छानविन गरी एवं सफाइको मौकासमेत दिई कुनै सदस्यलाई निम्न आधारमा बहुमतको निर्णयले सदस्यताबाट निष्काशन गर्न सकिनेछः-

(क) संस्थाको सञ्चालन र प्रगतिमा हानी हुने कुनै किसिमको कार्य गरेमा ।

(ख) संस्थाको स्वीकृत नीति नियमको बर्खिलापमा काम गरेमा ।

(ग) संस्थाको प्रतिष्ठामा आँच आउने खालको कार्य गरेमा ।

(घ) संस्थाको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित भएमा ।

(ङ) आफू आबद्ध रहेको समूहले निजलाई समुहबाट हटाउने वा निजलाई सदस्यताबाट निष्काशन गर्ने निर्णय गरी समितिसमक्ष गरेको सिफारिस सञ्चालक समितिले स्वीकृत गरेमा ।

(च) विनियममा व्यवस्था भएबमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यलाई सञ्चालक समितिले निष्काशन गर्नुअघि सम्बन्धित सदस्यलाई आफूलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिने र आरोपको खण्डन गर्ने वा आवश्यक प्रमाण प्रस्तुत गर्न बढीमा ३५ दिनको म्याद दिइनेछ ।

(३) छानविनको क्रममा समितिको बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्षसम्मका लागि बन्देज लगाउन सक्नेछ ।

(४) उपदफा (१) र (२) अनुसारको निर्णयमा चित्त नबुझेमा सदस्यले साधारणसभा समक्ष पुनरावेदन गर्न सक्नेछ र साधारणसभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

**१३. सदस्यताबाट राजीनामा :**

(१) कुनै सदस्यलाई संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ ।

तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण वा अन्य कुनै बाँकी बक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजिनामा दिन पाउनेछैन ।

(२) सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजिनामा स्वीकृत भईसकेको रहेछ भने पनि त्यस्तो व्यक्तिले संस्थालाई तिर्नु बुझाउनुपर्ने दायित्वबाट छुट पाउनेछैन ।

(३) सदस्यताबाट दिएको राजीनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा रीतपूर्वक संस्थामा निवेदन दिएमा पुनः सदस्यता प्राप्त गर्न सक्नेछ ।

**१४. पुनः सदस्यता**

विनियमको दफा ११ बमोजिम सदस्यताको अन्त्य भएका सदस्यहरुले पुनः सदस्यता लिन चाहेमा दफा ९ बमोजिम योग्यता पुगेको अवस्थामा पुनः सदस्यता दिन सक्नेछन् ।

१५. **सदस्यको काम, कर्तव्य र अधिकार**

सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) एक सदस्य एक मतको मताधिकार प्रयोग गर्ने ।

(ख) साधारणसभाबाट निर्वाचित भई संस्थाको व्यवस्थापनको नेतृत्व लिने वा सरिक हुने ।

(ग) संस्थामा नियमित रुपमा बचत गर्ने र सोमा निर्धारित ब्याज प्राप्त गर्ने ।

(घ) संस्थाको वचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रुपमा साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्दै जाने ।

(ङ) सदस्य एवं समूहको हितमा सञ्चालकहरुलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने ।

(च) संस्थाको साधारण सभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका बारेमा सुझाव वा प्रश्न गर्ने ।

(छ) साधारण सभाले गर्नुपर्ने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने ।

(ज) संस्थाले सदस्यका लागि सञ्चालन गरेका सुविधाको उपभोग गर्ने ।

(झ) सहकारीका प्रचलित कानून र सर्वमान्य सिद्धान्त बमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियम बमोजिम संस्था शुद्धीकरणको कार्यमा क्रियाशील हुने ।

१६. **सदस्यता खुला रहने :**

सहकारीका मूल्य, मान्यता, सिद्धान्त र साझा बन्धनका आधारमा विनियममा उल्लेखित योग्यता पुगेको व्यक्तिहरुको लागि सदस्यता प्राप्ति र अन्त्य सम्बन्धी व्यवस्था सँधै खुला रहनेछ ।

## १७. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने :

यस संस्थाको सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजिनामा कुनै किसिमको डर, धाक, धम्की, पूर्वाग्रह वा प्रलोभनका आधारमा नभई सदस्यको स्वतन्त्र विवेकको आधारमा हुनेछ ।

## १८. शेयर पूँजी :

(१) संस्थाको सेवा सञ्चालनका लागि आवश्यक रकम यथाशक्य सदस्यहरुले दफा १९ बमोजिम सदस्यताको शर्तस्वरुप र दफा २० बमोजिम स्वेच्छाले खरिद गरेको शेयर वापतको पूँजीको रुपमा जुटाइनेछ ।

(२) संस्थाको एक शेयरको मूल्य रु.१००।- (रुपियाँ एक सय) हुनेछ । संस्थाको कुल शेयर पूँजी रु............. (अक्षेरुपी .......... ) मात्र हुनेछ ।

(३) संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरी शेयर बिक्री गर्ने छैन ।

(४) संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्ने छैन ।

(५) संस्थाले बाणिज्य बैंक वा वित्तीय संस्था वा अन्य कम्पनीको शेयर खरिद गर्न सक्ने छैन । तर सहकारी बैंक वा सहकारी संघको शेयर खरिद गरी सहकारीको विकासमा योगदान पुर्याउन सक्नेछ ।

(६) संस्थाले संकलित पुँजीको आधारमा साधारण सभाबाट निर्णय गरी सहकारी दर्ता अधिकारीको स्वीकृति लिई पुँजी वृद्धि गर्न सक्नेछ ।

## १९. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने :

कुनै पनि व्यक्तिले यस संस्थाको सदस्य बन्नको लागि कम्तीमा एक शेयर खरिद गर्नुपर्नेछ ।

२०.थप शेयर खरिद गर्न सक्ने :

संस्थाको शेयर सदस्यले कम्तिमा एक कित्ता देखि अधिकतम कुल शेयर पूँजीको २० प्रतिशत नबढ्ने गरी शेयर खरिद गर्न सक्नेछ ।

२१. शेयर फिर्ता वा हस्तान्तरण :

(१) कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरिद गरी संस्थामा लगानी गरेको रकम, सोको लाभांश, वचत र वचतको व्याज लगायत निजले प्राप्त गर्नुपर्ने रकम संस्थाले हिसाब जाँच गरी फिर्ता दिनुपर्नेछ।

(२) संस्थाले कुनै सदस्यको मृत्यु भएमा वा निजको निको नहुने गरी मगज बिग्रिएको प्रमाणित भएमा निजको नाउँमा रहेको र संस्थाबाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवाला मनोनित गरेको रहेछ भने सो हकवालालाई र सो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाउँमा नामसारी गरिदिनेछ ।

२२. प्रवेश शुल्क :

कुनै व्यक्ति वा संघसंस्थाले यस सहकारीको सदस्यता लिन चाहेमा पछि फिर्ता नहुने गरी रु.१००।- (अक्षेरुपी एक सय रुपैयाँ) मात्र प्रवेश शुल्क बापत बुझाउनु पर्नेछ ।

२३. कृत्रिम छेकबार नलगाइने :

(१) संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिलाई दफा ९ को उपदफा (१) बमोजिम योग्यता नपुगेको वा उपदफा (२) मा उल्लिखित अवस्था भएकोमा बाहेक दफा १९ बमोजिम एक शेयर खरिद गर्न वा दफा २२ बमोजिम

बुझाउनुपर्ने प्रवेश शुल्कको रकम बढी राखेर वा औपचारिक वा अनौपचारिक रुपमा अघि र अहिलेको हिसाब मिलाउने वा अन्य कुनै प्रकारको सम्मतिको निहुँमा खुला सदस्यताको सर्वमान्य सहकारी सिद्धान्त विपरीत कृत्रिम छेकवार लगाइने छैन ।

(२) कुनै निवेदकले उपदफा (१) बमोजिम आफूलाई कृत्रिम छेकवार लगाइएको भन्ने लागेमा साधारण सभा वा दर्ता गर्ने अधिकारीसमक्ष उजुरी दिन सक्नेछ ।

२४. शेयर प्रमाण-पत्र :

संस्थाले सदस्यहरुलाई शेयर खरिद गरेवापत अनुसूची-२ बमोजिम संस्थाको छाप लागेको र अधिकार प्राप्त पदाधिकारीको हस्ताक्षर भएको शेयर प्रमाण पत्र जारी गर्नेछ । शेयर प्रमाणपत्र हराएमा वा नासिएमा रु.१००।- (अक्षेरुपी एक सय रुपैयाँ) मात्र तिरी सदस्यले अर्को प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् ।

२५. सदस्यको दायित्व सीमित हुने :

(१) सदस्यको दायित्व आफूले लिएको शेयर रकमसम्म मात्र सीमित रहनेछ ।

(२) संस्थाको विनियमको पालना गर्नु सम्पूर्ण सदस्यहरुको दायित्व हुनेछ ।

२६. प्रारम्भिक साधारणसभा :

(१) तदर्थ सञ्चालक समितिले संस्था दर्ता भएको मितिले तीन महिनाभित्र संस्थाको प्रारम्भिक साधारण सभा सम्पन्न गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले प्रारम्भिक साधारण सभा नबोलाएको अवस्थामा कुनै सदस्यले प्रारम्भिक साधारण सभा बोलाइदिन सम्बन्धित नियमनकारी निकायमा निवेदन दिएमा वा त्यस्तो निवेदन नदिएमा पनि दर्ता अधिकारीले सहकारी ऐन, नियम अनुसार प्रारम्भिक साधारण सभा बोलाउन सक्नेछ ।

(३) संस्थाको कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थिति भएमा प्रारम्भिक साधारणसभा सञ्चालनगर्न गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरु गर्नेछ :–

(क) सभाको सभापतिको चयन गर्ने ।

(ख) अघिल्लो दिनसम्मको संस्थाको काम कारवाहीको हरहिसाबको जानकारी लिने/दिने ।

(ग) सभामा पेश भएका प्रारम्भिक प्रतिवेदनमाथि छलफल गर्ने र निर्देशन दिने ।

(घ) विनियममा भएको व्यवस्था बमोजिम बनेको निर्वाचन समितिले विनियममा उल्लेख भएबमोजिम पदावधि रहने गरी सञ्चालक समिति र लेखा समितिको निर्वाचन गर्ने ।

(ङ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**२७. वार्षिक साधारणसभा :**

(१) संस्थाका सम्पूर्ण शेयर सदस्य भएको एउटा साधारणसभा हुनेछ । प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा ६ महिनाभित्र सञ्चालक समितिले वार्षिक साधारण सभा बोलाउनेछ ।

(२) उपदफा (१) बमोजिम वार्षिक साधारण सभा नबोलाइएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा बोलाउन दर्ता अधिकारीसमक्ष निवेदन दिएमा वा नदिएमा पनि उपदफा (१) मा तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिनभित्र दर्ता गर्ने अधिकारी वा निजले तोकेको व्यक्तिले त्यस्तो सभा बोलाएमा सभा सञ्चालनमा चाहिने सम्पूर्ण सहयोग एवं आर्थिक दायित्व संस्थाबाट व्यहोरिनेछ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम वार्षिक साधारण सभा बोलाउँदा सभा हुने स्थान, समय र मिति तथा छलफलका विषयहरु समेत खुलेको विवरण

कम्तीमा एक्काईस (२१) दिन अगावै सदस्यहरुलाई सार्वजनिक रुपमा सूचना दिनुपर्ने कर्तव्य सञ्चालक समितिले निर्वाह गर्नेछ । यस प्रकारको सूचना संस्थाले ओगटेको कार्यक्षेत्रका प्रत्येक स्थानीय तहको एक सार्वजनिक स्थानमा टाँस गरी सोको मुचुल्कासमेत तयार गर्ने वा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गरी सदस्यहरुलाई सूचित गर्नुपर्नेछ ।

(४) वार्षिक साधारण सभाको गणपूरक संख्या त्यस्तो सभाको कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

(५) पहिलोपटक गणपूरक संख्या नपुगी दोस्रो पटक सभा बोलाउनु परेको अवस्थामा सदस्यहरुलाई कम्तिमा ७ दिनको अर्को सूचना दिनुपर्नेछ । त्यसरी बोलाईएको सभाको गणपुरक संख्या सञ्चालक समितिको वहुमत र एकतिहाई साधारण सदस्यको उपस्थितिलाई मानिनेछ ।

(६) वार्षिक साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।

(७) वार्षिक साधारण सभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ । मत बरावर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

(८) वार्षिक साधारणसभा गर्दा सहकारी संस्थाको साधारणसभा कार्यव्यवस्था निर्देशिका अनुरुप प्रदेश सहकारी ऐन, नियमावलीसँग नबाझिने गरी गरिने छ ।

## २८. विशेष साधारणसभा :

(१) ऐन तथा नियमावलीमा उल्लेख भएबमोजिमको अवस्था र विधिअनुसार संस्थाको विशेष साधारण सभा बस्नेछ ।

(२) उपदफा (१) को अवस्थाको साथै संस्थाको कार्यसञ्चालनको सिलसिलामा जुनसुकै महत्वपूर्ण निर्णय गर्नुपर्ने वा त्यस्तो निर्णयका लागि आवश्यक लेखाजोखा वा प्रस्तावको मस्यौदा गर्नु अगावै सैद्धान्तिक स्वीकृति वा मार्गदर्शन लिनुपर्ने अवस्थामा समितिले विशेष साधारणसभा बोलाउन सक्नेछ ।

## २९. साधारण सभाको बैठक :

(१) साधारणसभाको बैठक डाकिएको समयमै प्राप्त गर्ने गरी एस.एम.एस., एफ एम. रेडियो, पत्रपत्रिका लगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहुमाध्यमबाट दिनुपर्नेछ ।

(२) सधारण सभाको बैठकमा सदस्यहरु साक्षात् उपस्थित हुनुपर्नेछ ।

(३) समितिले साधारणसभाको बैठकमा पेश गर्ने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरुलाई बैठक बस्ने दिनअगावै यथाशक्य उपलब्ध गराउनु पर्दछ वा सजिलै उपलब्ध हुनसक्ने गरी व्यवस्था मिलाउनु पर्दछ ।

(४) ऐन तथा नियमावलीको व्यवस्था अनुसार सदस्य संख्या दुई हजार नाघेपछि एकै स्थानमा सबैजना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा भएमा संस्थाको सेवाकेन्द्र/प्रत्येक स्थानीय तहका वडा वा पायक पर्ने स्थानमा समान कार्य सूची राखी साधारणसभा डाक्नुपर्नेछ । यसरी साधारण सभा आयोजना गर्दा प्रत्येक स्थानमा सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु सबैलाई उपस्थितिको लागि सूचना गर्नुपर्दछ ।

(५) उपदफा (४) बमोजिम बसेको बैठकबाट साधारण सभाको अन्तिम बैठकमा भाग लिनका लागि प्रत्येक सेवाकेन्द्र/ वडा वा स्थानको बैठकको अध्यक्षता गर्ने सदस्य सहित सदस्य संख्याको आधारमा १:१० को अनुपातमा प्रतिनिधिहरुको छनौट गरिनेछ । प्रतिनिधीहरुको छनोट प्रजातान्त्रिक पद्धतिबाट हुनेछ ।

(६) उपदफा (४) बमोजिमका बैठक सम्पन्न भएको सात दिनभित्र उपदफा (५) बमोजिम छानिएका प्रतिनिधिहरु जम्मा भई संस्थाको साधारण सभाको अन्तिम बैठक बस्नेछ ।

(७) साधारण सभाको अन्तिम बैठकको निर्णयलाई संस्थाको साधारण सभाको निर्णय मानिनेछ र सञ्चालक समितिको अतिरिक्त प्रत्येक सेवाकेन्द्र/वडा/स्थानबाट छानिएका कम्तीमा २/२ जना प्रतिनिधिहरुले निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(८) साधारण सभाको बैठकसम्बन्धमा अन्य व्यवस्था साधारण सभाको सञ्चालन कार्यविधि तथा दर्ता गर्ने अधिकारीले तोके बमोजिमको हुनेछ ।

**३०. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

(१) साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) सञ्चालक समितिका पदाधिकारीलाई हटाउने वा समिति वा लेखा सुपरिवेक्षण समितिको विघटन गर्ने । निर्वाचन समितिले सञ्चालन गरेको निर्वाचन कार्यक्रममा सहभागी भई निर्धारित पदावधिका लागि सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने ।

(ख) सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी निर्देशन दिने ।

(ग) सहकारी ऐन, नियम विपरीत नहुने गरी विनियम संशोधनको प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने ।

(घ) मिनाह सम्बन्धी प्रस्ताव उपर छलफल र निर्णय गर्ने ।

(ङ) बजेट उपर छलफल गरी पारित गर्ने ।

(च) सञ्चालक समितिले पेश गरेको वार्षिक कार्यक्रम उपर छलफल गरी स्वीकृति प्रदान गर्ने । प्रगति प्रतिवेदन, वार्षिक लेखापरीक्षण प्रतिवेदन, स्थिति विवरण पत्र र आर्थिक विवरणहरुमा समीक्षा गर्ने र पारित गर्ने ।

(छ) सदस्य निष्काशन सम्बन्धमा समितिको निर्णय उपर पुनरावेदन सुन्ने र निर्णय गर्ने ।

(ज) वार्षिक हिसाब जाँच गराउन लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(झ) नियमित बचत, आवधिक बचत, ऋणको किसिम र सोको ब्याजको प्रतिशत सम्बन्धमा छलफल गरी अनुमोदन गर्ने ।

(ञ) विनियम बमोजिम बचत कोष तथा सदस्यले कारोबारमा गरेको योगदानका आधारमा संरक्षण पूँजी फिर्ता कोषबाट थप लाभांश बितरण गर्न स्वीकृति प्रदान गर्ने ।

(ट) संस्थाले लिन वा दिन सक्ने अधिकतम ऋण वा धरौटीको सीमा तोक्ने ।

(ठ) एक तह माथिको सहकारी संघको सदस्यता लिन निर्देशन दिने तथा केन्द्रीय वा जिल्ला संघको प्रतिनिधित्व गर्न प्रतिनिधि तोक्ने ।

(ड) संस्थाको आर्थिक प्रशासन नियमावली, कर्मचारी प्रशासन नियमावली तथा वचत तथा ऋण नीति पारित वा अनुमोदन गर्ने तथा परिमार्जन गर्ने ।

(ढ) साधारण सभाको अध्यक्षले पेश गर्ने अन्य कुनै प्रस्ताव उपर निर्णय गर्ने ।

(ण) दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्थामा गरेको निरीक्षण प्रतिवेदन उपर छलफल गर्ने र सञ्चालकहरुलाई निर्देशन दिने ।

(त) अध्यक्षको राजिनामा स्वीकृत गर्ने ।

(थ) सञ्चालक समितिलाई मार्गदर्शन गर्ने ।

(द) संस्थाको विभाजन, एकीकरण, विघटनसम्वन्धी निर्णय गर्ने ।

(ध) संस्थाको विवादित विषयहरुमा आवश्यक निर्णय लिने ।

(न) संस्था सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दी स्वीकृत गर्ने वा थपघट गर्ने ।

(२) साधारण सभाको निर्णयहरु प्रमाणित गर्न सञ्चालक समिति र साधारण सभाले चुनेका संचालक सदस्यहरुभन्दा १ जना बढी शेयर सदस्यहरु सभाले छनौट गर्नेछ । तर दफा २९ को उपदफा (४), (५) र (६) मा व्यवस्था भए अनुसारको साधारण सभाको निर्णय दफा २९ को उपदफा (७) मा उल्लेख भएअनुसार हुनेछ । निर्णय पुस्तिका सुरक्षित राख्नुपर्ने दायित्व संस्थाका प्रबन्ध सञ्चालक वा अध्यक्ष स्वयंले जिम्मा लिनुपर्नेछ ।

(३) संस्था बिघटन, एकीकरण वा विभाजन गर्नुपर्ने भएमा सहकारी ऐन, नियम बमोजिमको प्रकृया पुऱ्याई गरिनेछ ।

### ३१. साधारण सभाको निर्णय अनिवार्य हुने :

यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाएको विषयमा साधारणसभाको निर्णय अनिवार्य हुनेछ :-

(क) संस्थाको कार्य सञ्चालनको लागि मानवश्रोत व्यवस्थापन, आर्थिक प्रशासन,परामर्शदाता नियुक्ति लगायतका आवश्यक कार्यविधिहरु बनाउने ।

(ख) संस्थाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका निकाय अन्य सहकारी संघसंस्था, गैरसरकारी संघसंस्थासँगको साझेदारीमा कुनै काम गर्ने सम्बन्धमा निर्णय लिने ।

(ग) निजि क्षेत्रको कुनै उद्योग, व्यवसायसँग संस्थाले व्यावसायिक सम्झौता गर्नुपर्ने अवस्थामा त्यस्तो सम्झौताको ढाँचा समेत तोकी पूर्व-स्वीकृती दिने ।

(घ) संस्थाले कुनै निकायबाट ऋण लिने वा अन्य दीर्घकालीन भैपरि दायित्व सिर्जना गर्ने ।

(ङ) बचत तथा ऋणको व्याजदर निर्धारण गर्ने ।

(च) लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(छ) वार्षिक कार्यक्रम, बजेट, अन्य योजना नीति र रणनीति पारित गर्ने र

(ज) सञ्चालक वा लेखा सुपरीवेक्षण समिति वा शेयर सदस्यहरुको सुविधा तोक्ने वा संस्थाको खर्चमा निजहरुलाई वैदेशिक सभा, व्यापारमेला वा अवलोकन भ्रमणमा पठाउने ।

३२. गाँउ/टोल/उपक्षेत्रीय बैठकः

(यस सम्बन्धी आवश्यक व्यवस्था उल्लेख गर्न सकिने)

३३. गाँउ/टोल/उपक्षेत्रीय बैठकको कार्यहरु :

(यस सम्बन्धी आवश्यक व्यवस्था उल्लेख गर्ने)

३४. गाँउ/टोल/उपक्षेत्रीय बैठकको कार्यव्यवस्थाः

(यस सम्बन्धी आवश्यक व्यवस्था उल्लेख गर्ने)

३५. सञ्चालक समितिको गठन :

(१) संस्थाको दैनिक कार्य सञ्चालनका लागि साधारण सभाले १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना कोषाध्यक्ष, १ जना सचिव र ...... जना सदस्य गरी जम्मा ......जना सदस्य भएको एउटा संचालक समिती गठन गर्नेछ। शेयर सदस्यहरुबाट समितीको निर्वाचन प्रजातान्त्रिक तरीकाले हुनेछ।

(२) उपदफा (१) बमोजिम निर्वाचन गर्दा कम्तिमा १ जना पदाधिकारी सहित ३३ प्रतिशत महिला निर्वाचित हुने प्रबन्ध मिलाउनु पर्नेछ।

(३) सञ्चालकहरुको पदावधि ४ वर्षको हुनेछ। एउटै व्यक्ती एउटै पदमा लगातार दुई पटक भन्दा बढी निर्वाचित हुन सक्ने छैन ।

(४) सञ्चालकको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि साधारण सभाबाट पूर्ति गरिनेछ।

(५) उपदफा (४) बमोजिम उपनिर्वाचन गर्दा उपदफा (३) बमोजिम महिला सदस्यहरु मध्येबाट उम्मेदवार भई निर्वाचित भएको पद रिक्त भएको भए तदनुसार नै गरिनेछ।

(६) एकाघरपरिवारबाट एकभन्दा बढी व्यक्ती एकै अवधिमा सञ्चालकको पदमा बहाल रहन पाउने छैनन् ।

(७) नयाँ समितिको निर्वाचन नभएसम्म मौजुदा समितिले नै कार्य गर्नेछ।

(८) संचालक समिति सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन, कानूनमा तोकिएबमोजिम हुनेछ ।

३६. समितिको काम कर्तव्य र अधिकार :

समितिले देहाय बमोजिमका कार्यहरु गर्नेछः-

(क) संस्थाको समग्र व्यवस्थापन गर्ने ।

(ख) निर्धारित मापदण्डका आधारमा सदस्यता विस्तार गर्ने वा खारेज गर्ने ।

(ग) संस्थाको स्वीकृत विनियम एवं बचत र ऋृण परिचालन निर्देशिकाको अधिनमा रही सहकारी बैंक वा आफू सदस्य रहेको सहकारीका संघबाट ऋृण लिने ।

(घ) बचत र ऋृण परिचालनका लागि बचत तथा ऋृण नीति साधारण सभाबाट पारित वा अनुमोदन गराई लागू गर्ने ।

(ङ) कारोबारका हरहिसाब अध्यावधिक गरी गराई सोको विवरण प्रमाणित गर्ने ।

(च) उपसमितिहरुको गठन र बिघटन गर्ने ।

(छ) संस्थाको स्वीकृत दरबन्दीमा योग्यताका आधारमा व्यवस्थापक लगायत अन्य कर्मचारी छनौट गरी नियुक्त गर्ने र तोकिए बमोजिमको तलब भत्ता एवं सुविधा प्रदान गर्ने ।

(ज) संस्था सञ्चालन सम्बन्धमा आवश्यक सम्पूर्ण कानूनी कार्यहरु गर्ने र आवश्यकता अनुसार कानूनी सेवा लिने सम्बन्धी निर्णय गर्ने ।

(झ) संस्थाको योजना र वार्षिक बजेट साधारणसभामा स्वीकृतिको लागि पेश गर्ने ।

(ञ) सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका रिक्त पद पूर्ति वा सञ्चलकहरुको पदावधि सकिनु अगावै नयाँ समिति निर्वाचनको कार्य निष्पक्ष र स्वतन्त्र ढंगले सम्पन्न गर्न तोकिएबमोजिम निर्वाचन समिति गठन गर्ने ।

(ट) विनियममा व्यवस्था भएका प्राबधानका आधारमा प्रक्रियागत ढंगले सभा बोलाउने र सभाको उचित व्यवस्थापन गर्ने ।

(ठ) साधारण सभाले निर्देश गरेका वा स्वीकृत गरेका कामहरु गर्ने ।

(ड) साधारण सभाबाट लेखापरीक्षकको नियुक्ति गरी संस्थाको हरहिसाबको लेखापरीक्षण गराउने ।

(ढ) साधारण सभाको बैठकमा पेश गरिने प्रतिवेदनहरु, बजेट तथा कार्यक्रमहरु, नीतिका मस्यौदाहरु, महत्वपूर्ण निर्णय अनुमोदन आदिको तयारी गर्ने ।

(ण) संस्थाको व्यवस्थापन चुस्त राख्न वित्तीय विश्लेषण र अनुगमनको लागि PEARLSअनुगमन पद्धतिको अवलम्बन गर्ने । यसका लागि संस्थाका सञ्चालक, लेखा सुपरीवेक्षण समितिका पदाधिकारी र कर्मचारीलाई आवश्यकता अनुसार तालिममा सहभागी गराउने व्यवस्था गर्ने ।

(त) पदाधिकारी एवं कर्मचारीको ज्ञान, सीप र काममा रुची बढाउन तालिम एवं अध्ययन भ्रमणको कार्यक्रम बनाउने साथै कर्मचारीहरुका लागि Incentive Package को योजना बनाउने ।

(थ) कार्यसम्पादन तथा उपलब्धिको आधारमा पदाधिकारी एवं कर्मचारीहरुलाई पुरस्कृत गर्ने कार्यक्रम बनाउने ।

(द) सञ्चालक समितिका सदस्यहरुको जिम्मेवारी एवं कामको बाँडफाँड गर्ने ।

(ध) सञ्चालक समितिको एक सदस्यको संयोजकत्वमा ३ सदस्यीय ऋण परिचालन उपसमिति गठन गर्ने, अन्य सदस्यहरु शेयर सदस्यमध्येबाट सकेसम्म विषय वस्तुमा दखल राख्ने व्यक्तिहरु मनोनयन गर्ने ।

(न) आवश्यकता अनुसार अन्य उपसमितिहरु गठन गर्ने ।

## ३७. समितिको बैठक :

(१) संस्थाको कार्यसञ्चालनको लागि समितिको बैठक मासिक रुपमा बस्नेछ । तर यस व्यवस्थाले आवश्यकताको आधारमा सोभन्दा अगावै बैठक बस्न बाधा पुऱ्याएको मानिनेछैन ।

(२) समितिको दुई बैठकबीच ४५ दिनभन्दा बढीको अन्तर हुनेछैन । बैठक अध्यक्ष स्वयंले वा अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा समितिको सचिवले बोलाउनेछ ।

(३) अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र निज पनि उपस्थित नभएको हकमा सदस्यहरुको बहुमतबाट छानिएको सदस्यले अध्यक्षता गरी छलफलका विषयमाथि निर्णय गर्न सक्नेछ ।

(४) समितिका एकाउन्न प्रतिशत सञ्चालकहरु बैठकमा उपस्थित भए बैठक सञ्चालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिका बहुमत सञ्चालकहरुले समितिको बैठक डाक्न अध्यक्षलाई लिखित सूचना गरेमा ७ दिनभित्र समितिको बैठक बस्ने व्यवस्था गरिनेछ ।

३८.लेखा सुपरीवेक्षण समिति :-

(१) नियमित रुपमा संस्थाको आन्तरिक लेखापरीक्षणका साथै आर्थिक कार्यविधिहरुको पालनाबाट संस्थामा वित्तीय सुशासन कायम गराउन साधारण सभाले एक जना संयोजक र दुईजना सदस्य रहेको लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखा सुपरीवेक्षण समिति गठन गर्दा साधारण सभाबाट निर्वाचन गरिनेछ ।

(३) लेखा सुपरिवेक्षण समितिको बैठक कम्तिमा बर्षको चार पटक बस्नुपर्नेछ । बैठक बोलाउने अधिकार संयोजकलाई हुनेछ ।

(४) लेखा सुपरीवेक्षण समितिका संयोजक वा सदस्यहरुको पदावधि तथा रिक्त पदपूर्ति व्यवस्था सञ्चालक सरह हुनेछ ।

## ३९. लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार :

(१) संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने र समितिलाई सुझाव दिने ।

(२) समिति र उपसमितिहरुले गरेका काम, कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्धान्त र नियमसम्मत छ छैन जाँच गर्ने ।

(३) संस्थाको कुनै काम कारबाहीबाट यसका सदस्यहरुलाई हानीनोक्सानी पुग्ने अवस्था भएमा वा लेखापरीक्षणको कार्यमा सञ्चालक तथा व्यवस्थापकबाट उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्वन गर्नुपर्ने अवस्था देखिएमा विशेष साधारण सभा बोलाउन समितिसमक्ष अनुरोध गर्ने ।

(४) लेखापरीक्षण सम्बन्धी प्रतिवेदन साधारण सभासमक्ष अनिवार्य रुपमा पेश गर्ने ।

(५) लेखा सुपरीवेक्षण समितिले साधारण सभामा पेश गर्ने प्रतिवेदनमा देहायका विवरण समेटिएको हुनुपर्नेछः

(क) समितिको बैठक बसेको संख्या ।

(ख) गत वर्ष दिइएको सुझाव कार्यान्वयनको अवस्था ।

(ग) अघिल्लो आर्थिक वर्ष र प्रतिवेदन पेश गरिने आर्थिक वर्षको तुलनात्मक आर्थिक विवरण ।

(घ) प्रतिवेदन पेश गरिने आर्थिक वर्षको मुख्य आर्थिक उपलब्धी एवं कमजोर पक्षहरु ।

(ङ) सहकारी सिद्धान्तहरु, सहकारी ऐन नियमहरु एवं संस्थाको विनियमका व्यवस्थाहरुको पालनाको अवस्था ।

(च) संस्थाको स्वीकृत बचत तथा ऋण नीति एवं अन्य नीतिहरुको पालनाको अवस्था ।

(ज) कर्मचारी व्यवस्थापनका सवल पक्षहरु र दुर्वल पक्षहरु ।

(झ) सञ्चालक समितिको कार्यप्रणाली र त्यसमा सुधार गर्नुपर्ने पक्षहरु ।

(ञ) गत वर्ष सम्पन्न लेखापरीक्षणको गुणस्तर र सुधारका सुझावहरु ।

(ट) नियमनकारी निकाय वा आफ्नो संस्था आबद्ध रहेको संघले संस्थाको कारोवारको जाँच वा अनुगमन गर्दा देखिएका कैफियत, सञ्चलकहरुलाई दिइएको मुख्य सुझावको विवरण तथा पालनाको अवस्था ।

(ठ) संस्था सञ्चलनमा व्यवस्थापन पक्षको समग्र मूल्यांकन, प्रभावकारिता, मितव्ययिता, दक्षता, क्रियाशिलता, कर्मचारीको मनोवलको अवस्था, व्यावसायिकता आदि पक्षको मूल्यांकन गर्ने ।

**४०..समिति वा लेखा सुपरीवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्था :**

देहायका अवस्थामा समिति वा लेखा सुपरीवेक्षण समितिको पद रिक्त भएको मानिनेछ :-

(क) अध्यक्ष बाहेक अन्य पदाधिकारीले अध्यक्षसमक्ष दिएको राजिनामा स्वीकृत भएमा र अध्यक्षको हकमा साधारण सभाले निजको राजिनामा स्वीकृत गरेमा ।

(ख) मृत्यु भएमा ।

(ग) संस्थालाई जानकारी नदिई संस्थाको कार्य प्रकृतिसँग मेल खाने निजी व्यापार सञ्चालनगरेको प्रमाणित हुन आएमा ।

(घ) विनियमको दफा ११, १२ र १३ बमोजिम सदस्यता समाप्त भएमा ।

(ङ) समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा ।

(च) बिना सूचना लगातार ३ वटासम्म बैठकमा अनुपस्थित भएमा ।

(छ) ६ महिना भन्दाबढी अवधिका लागि निरन्तर बस्ने गरी विदेश गएमा ।

(ज) दफा २१ अनुसारको अवस्था सिर्जना भएमा ।

(झ) समान प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य वा सञ्चालकवा कुनै समिति उप-समितिको पदाधिकारी भएको प्रमाणित हुन आएमा ।

तर, उपरोक्त (ग) वा (ज) बमोजिम सञ्चालकको बारेमा निर्णय लिनुअघि निजलाई सफाईको मौका वा

उपरोक्त बमोजिमका जिम्मेवारी छाड्ने मनासिव माफिकको समय सीमा प्रदान गर्नुपर्नेछ।

**४१. उपसमितिहरुको गठन :**

(१) संस्थाको कार्य सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि आवश्यकता अनुसार सञ्चालक समितिले देहाय बमोजिमका विषयगत तथा व्यवसायगत उपसमितिहरु गठन गर्न सक्नेछः

(क) शिक्षा, तालिम तथा अध्ययन अवलोकन उपसमिति

(ख) बचत तथा ऋण परिचालन उपसमिति

**(लगायत संस्था संचालनको लागि आवश्यक अन्य उपसमितिहरु उल्लेख गर्न सकिने)**

(२) संचालक समितिले गठन गर्ने उपसमिति, विषयगत क्रियाकलाप र व्यवसायगत क्रियाकलापलाई व्यवस्थितरुपमा संचालन गर्नका लागि प्रत्येक विषय र व्यवसायको अलग अलग संचालन कार्यविधि निर्माण गरिनेछ ।

(३)  उपदफा (१) बमोजिम गठन हुने उपसमितिहरुको गठन, पदावधी, बैठक, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था उपदफा (२) बमोजिमको कार्यविधिमा व्यवस्था भएबमोजिम हुनेछ ।

(४) उपसमिति संचालक समितिबाट एकजना अनिवार्य संयोजक रहनेगरी आवश्यकता अनुसार अन्य शेयर सदस्यहरुलाई सदस्यमा नियुक्त गरी गठन गरिनेछ ।

## ४२. प्रतिनिधित्व :

संस्थाले कुनै संघ, संस्था वा निकायको सदस्यता प्राप्त गरी प्राकृतिक व्यक्ति सरह प्रतिनिधित्व गर्नेछ । यसरी संस्थाले प्रतिनिधित्व गर्दा वा संस्थाले सदस्यता प्राप्त गरेका संघ, संस्था वा निकायमा प्रतिनिधित्व गरी सहभागी हुने व्यक्ति तोक्न सक्नेछ ।

## ४३. उत्तरदायित्व शृङ्खला:

संस्थाको कार्यसञ्चालनमा नियुक्त कर्मचारीहरु निर्वाचित समितिप्रति र निर्वाचित प्रतिनिधिहरु साधारण सभाप्रति उत्तरदायी रहनेछन् ।

## ४४. सञ्चालकहरुको काम, कर्तव्य र अधिकार :

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क)समितिको बैठक तथा साधारण सभाको बैठकको अध्यक्षता गर्ने ।

(ख)साधारण सभाद्वारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र संचालक समितिका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

(ग) संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवं उचित प्रयोगको व्यवस्था मिलाउने ।

(घ) संचालकहरुलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न गराउन सहयोग र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने ।

(ङ) संचालकका कुनै सदस्यले दिएको राजीनामा उचित आधारमा स्वीकृत गर्न वा नगर्न राय साथ समितिमा निर्णयका लागि पेश गर्ने ।

(च ) संस्थाको काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने गराउने ।

(छ) समितिको बैठक नबसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक भएको र तत्कालमा उक्त कार्य नभए संस्थालाई हानि नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई आगामी बैठकमा अनुमोदनको लागि पेश गर्ने ।

(ज) साधारण सभा तथा समितिको वैठकमा कुनै विषयमा मतदान भै मत बराबर भएमा निर्णायक मत दिने ।

(झ) संस्थाको कुनै काम कारवाहीको सम्बन्धमा आवश्यकतानुसार जांचवुझ वा निरीक्षण गर्ने, गराउने।

(ञ) संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने ।

(ट) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने ।

(ठ) विनियमका व्यवस्थाहरुको पूर्ण पालना गर्न गराउन तदारुकता देखाउने ।

(ड) सहकारीका सिद्धान्तहरु, सहकारी ऐन तथा नियमावली, र दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीले दिएको निर्देशनहरुको पालना गर्ने गराउने ।

(ढ) नियामक निकायले निर्धारण गरे बमोजिम दिनु पर्ने सूचना तथा प्रतिवेदनहरु समयमानै उपलव्ध गराउने ।

(ण) सहकारी मन्त्रालय, सहकारी विभाग वा सहकारी नियमन गर्ने प्रदेश सरकारको मन्त्रालय, सहकारी दर्ता अधिकारीको कार्यालय वा स्थानीय तह तथा संस्था आवद्ध सम्बन्धित संघबाट गरिने अनुगमन निरीक्षण कार्यमा सहयोग गर्ने एवं प्राप्त निर्देशन र सुझावहरुको पालना गर्ने गराउने ।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

(ख) अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

(घ) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।

(ङ) सदस्यहरुले दिएको गुनासो तथा उजुरी सम्बन्धमा आवश्यक राय सहित समितिमा पेश गर्ने ।

(च) संस्थाको योजना, बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनको अनुगमन गर्ने गराउने ।

(छ) साधारण सभा वा समितिको निर्णय अनुसार तोकिएको जिम्मेवारी वहन गर्ने ।

(३) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) अध्यक्षको निर्देशानुसार साधारण सभाको अधिवेशन तथा समितिको वैठक बोलाउने,

(ख) साधारण सभा तथा समितिद्वारा पारित निर्णयहरु कार्यान्वयन गर्ने, गराउने

(ग) साधारण सभाको अधिवेशन र समितिको बैठकको कार्यसूची तयार गर्ने, सूचना निकाल्ने, वैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरु सदस्यहरुलाई पठाउने ।

(घ) साधारण सभाबाट निर्णय गर्नुपर्ने कुनै निर्णयहरु भए पुनः छलफल एवं निर्णयार्थ पेश गर्ने ।

(ङ) साधारण सभा र संचालक समितिबाट भएको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(च) कर्मचारी प्रशासन सम्बन्धी कार्यमा अध्यक्षलाई सहयोग पुराउने ।

(छ) संस्थाको दैनिक प्रशासनिक कार्य प्रवन्ध गर्न गराउन समितिले तोके अनुसार कार्य गर्ने ।

(ज) अध्यक्षले तोकेको अन्य काम गर्ने गराउने ।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) संस्थाको आर्थिक कारोवार सम्बन्धी जानकारी लिने ।

(ख) संस्थाको अभिलेखलाई चुस्त दुरुस्त राख्नका लागि निरीक्षण गरी निर्देशन दिने ।

(ग) साधारण सभा तथा समितिले मागेका संस्थाको दैनिक कारोवार संग सम्बन्धित विवरण उपलव्ध गराउने।

(घ) संस्थाको शेयर तथा पुँजी प्रबर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तयार पारी समितिमा पेश गर्ने।

(ङ) संस्थाको आम्दानी तथा खर्चका सम्बन्धमा आवश्यक नीति, कार्यबिधि निर्माणमा सहयोग गर्ने।

(च) संस्थाको नगद मौज्दात तथा ब्यवसायिक कारोबारको समय समयमा परीक्षण गरी सुधार गर्नु पर्ने भएमा सुझाव समेत प्रतिबेदन पेश गर्ने ।

(५) संचालक सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क)संचालक समितिको बैठकमा नियमित रुपमा सहभागी हुने ।

(ख)संस्थाको हित र विकास कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।

(ग) निर्णय अनुसार विभिन्न उप समितिहरुमा रही तोकिएको जिम्मेवारी वहन गर्ने ।

(घ) बैठकबाट गरिने निर्णयहरु संस्थाको हितका लागि हुनु पर्ने विषयमा सजग रहने ।

(ङ.) सहकारीका सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन नियम, संस्थाको स्वीकृत विनियमावली र अन्य नीतिहरुको वर्खिलाप हुने गरी संस्था संचालन हुन नदिने ।

(च)संस्थाले संचालन गरेको क्षमता विकास सम्बन्धी तालिम तथा गोष्ठीहरुमा सकृयतापूवर्क भाग लिने ।

(छ)संस्थासंग आवद्ध सम्पूर्ण सदस्यहरुको प्रतिनिधीको रुपमा सदस्यहरुको हित प्रबर्द्धन हुने काम गर्ने गराउने ।

**४५. व्यवस्थापकको नियुक्ति :**

(क) समितिले संस्थाको व्यवस्थापन पक्षलाई स्वस्थ एवं प्रभावकारी रुपमा अघि बढाउनका लागि एकजना व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृत र जनशक्तिको योग्यता, छनौट विधि, सेवासुविधा, सरुवा बढुवा र अन्य कुराहरु संस्थाको मानवश्रोत व्यवस्थापन कार्यविधि बमोजिम हुनेछ ।

(ख) उपदफा (क) बमोजिम व्यवस्थापक नियुक्त हुन नसकेमा समितिले संस्थाको कुनै संचालक प्रबन्धकीय कर्मचारीको रुपमा कार्य गर्ने गरी तोक्न सक्नेछ ।

४६. व्यवस्थापकको काम, कर्तव्य र अधिकार :

(क) संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पूर्ण जिम्मेवारी बहन गर्ने र कोषाध्यक्षलाई सहयोग गर्ने ।

(ख) संस्थाको सदस्यता आवेदन फारामहरु वितरण र संकलन गरी समितिमा प्रस्तुत गर्ने र आवश्यक सूचनाहरु उपलब्ध गराउने ।

(ग) साधारण सभा र समितिका सबै बैठकहरुमा भाग लिने तथा निर्णय लिनका लागि सदस्यहरुलाई आवश्यक सूचना उपलब्ध गराउने ।

(घ) बार्षिक योजना तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने ।

(ङ) समिति र साधारण सभाका बैठकहरुको विषय सूची तयार गर्ने ।

(च) संस्थाका सदस्यहरुलाई शैक्षिक एवं तालिम कार्यक्रमहरुको योजना बनाई शिक्षा उप-समिति मार्फत् सञ्चालन गर्न सहयोग पुऱ्याउने ।

(छ) संस्थाका सबै कर्मचारीहरुको कामकारवाहीहरु सुचारु रुपमा सञ्चालन गराउने र कर्मचारीबीच समन्वय गर्ने ।

(ज) मातहतका कर्मचारीहरुको नियमित कार्यसम्पादन मूल्यांकन गरी समितिमा पेश गर्ने ।

(झ) समितिले तोकेका अन्य कामहरु गर्ने /गराउने ।

(ञ) समितिप्रति उत्तरदायी हुने ।

(ट) जनसम्पर्कका अन्य कार्यहरु गर्ने, गराउने ।

## ४७. विशेष जिम्मेवारी :

समिति, अध्यक्ष र व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृतले यस विनियममा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका साथै सम्पत्ति शुद्धीकरण निवारण कानुन अन्तर्गत संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरु सम्पादन गर्ने/गराउने विषेश जिम्मेवारी समेत बहन गर्नुपर्नेछ ।

## ४८. कर्मचारीको नियुक्ति तथा सेवाका शर्त :

समितिले संस्थाको व्यवस्थापन पक्षलाई स्वस्थ एवं प्रभावकारी रुपमा अघि बढाउनका लागि एकजना प्रमुख कार्यकारी अधिकृत र आवश्यकता अनुसार अन्य कर्मचारीहरु नियुक्त गर्नेछ । संस्थामा नियुक्त हुने जनशक्तिको योग्यता, छनौट विधि, सेवासुविधा, सरुवा बढुवा र अन्य कुराहरु संस्थाको मानवश्रोत व्यवस्थापन कार्यविधि बमोजिम हुनेछ ।

## ४९. संस्थाको कोष :

(१) संस्थाको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(च) स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(छ) गैरसरकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम,

(ज) अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायता रकम,

(झ) व्यावसायिक कार्यबाट आर्जित रकम,

(ञ) सदस्यता प्रवेश शुल्क,

(ट) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम विनियममा व्यवस्था भएबमोजिमको कार्यमा खर्च गरिनेछ ।

(३) संस्थाले विदेशी सरकार वा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाबाट ऋण वा अनुदान रकम प्राप्त गर्नुअघि नेपाल सरकारको पूर्व स्वीकृती लिनेछ ।

(४) उपदफा (१) बमोजिम संस्थालाई प्राप्त हुने सबै प्रकारको रकम समितिले निर्णय गरेको कुनै बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गरिनेछ ।

५०. कोषको सुरक्षा :

(१) समितिले व्यवस्थापकको जिम्मामा रहने भनी तोकेको कोषको रकम व्यवस्थापकको जिम्मामा रहनेछ ।

(२) उपदफा (१) मा उल्लेखित अवस्था बाहेक संस्थाको रकम समितिले कुनै बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कोषको संचालनका लागि समितिको अध्यक्ष, कोषाध्यक्ष र व्यवस्थापकको दस्तखत रहनेगरी संयुक्त खाता खोलिनेछ।कोषको सम्पूर्ण जिम्मा खाता संचालकहरुमा रहनेछ।

(४) कोषबाट रकम झिक्दा संस्थाको स्वीकृत विनियम बमोजिम हुनुपर्दछ ।रकम चलनमा ल्याउने आधारहरु कानूनसम्मत हुनुपर्दछ । संस्थाको सम्पत्ती व्यक्तीगत

प्रयोजनमा झिक्ने वा प्रयोग गरिएको पाईएमा अख्तियार दुरुपयोग गरेको मानिनेछ ।

(५) कोषको सुरक्षाको लागि संस्थाले प्रचलित कानुनबमोजिम स्थापित बीमा कम्पनीमा आवश्यकतानुसार सदस्यहरुको शेयर, बचत र ऋण लगानी जस्ता रकमको सुरक्षणका लागि बीमा गर्न सक्नेछ ।

## ५१. कोषको उपयोग :

(१) संस्थाको कोषको उपयोग ऐन, नियमावली तथा यस विनियमका व्यवस्थाहरुको अधिनमा रही संस्थाका उद्देश्यहरु हासिल गर्न परिचालन गरिनेछ ।

(२) संस्थाको कोषको रकम कुनै कम्पनीको शेयर खरिद गर्न वा निजी फर्म, विद्यालय, कलेज, नर्सिङ्ग होम वा नाफामा सहभागी हुने खालको उद्योग व्यवसाय वा अन्य आयोजनामा लगाउन सकिने छैन ।

## ५२. कोषको वाँडफाँड :

(१) संस्थाको कुनै वर्षको खुद नाफाको रकमबाट कम्तीमा २५ (पच्चीस) प्रतिशत जगेडा कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम जगेडा कोषमा सारेर बाँकी रकमलाइ शत प्रतिशत मानी संरक्षित पूँजी फिर्ता कोषमा कम्तीमा २५ प्रतिशत र सहकारी प्रवर्द्धन कोषमा ०.५ प्रतिशत जम्मा गरी बाँकी रकमलाई सतप्रतिशत मानी निम्न कोषअनुसार विभाजन गरिनेछः

(क) शेयर लाभांश कोष **......** प्रतिशत

(ख) सहकारी शिक्षा कोष **....**प्रतिशत

(ग) कर्मचारीको बोनस कोष .....प्रतिशत

(घ) घाटा पूर्ति कोष .....प्रतिशत

(ङ) सामुदायिक विकास कोष .... प्रतिशत

(च) स्थिरीकरण कोष ...... प्रतिशत

(छ) अन्य जोखिम व्यवस्था कोष ..... प्रतिशत

**५३. जगेडा कोष :**

संस्थाको जगेडा कोषमा देहायबमोजिमको रकम रहनेछः-

(क) प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोबारको हिसाब जाँच भएपछि खुद नाफाबाट छुट्याइएको कम्तीमा २५ प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रिबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

## ५४. संरक्षित पूँजी फिर्ता कोष :

दफा ५२ को उपदफा (२) मा उल्लिखित संरक्षित पूँजी फिर्ता कोषवाट लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ को परिच्छेद ९ दफा ५५ उल्लेख भए बमोजिम कारोबारको आधारमा संरक्षित पूँजी फिर्ता गरिनेछ ।

## ५५. लाभांश वितरण नगरिने :

कुनै वर्षको सेयर लाभांश दफा ५२ को उपदफा (२) को खण्ड (क) मा उक्त वर्षको खुद बचतबाट सारिएको रकम भन्दा बढी हुने गरी वा सदस्यले खरिद गरेको सेयरको रकमको १८ प्रतिशतभन्दा बढी हुने गरी वितरण गरिने छैन ।

## ५६. जगेडा कोषमा रकम सार्नुपर्ने :

विनियमको दफा ५२ उपदफा (२) को (क) मा उल्लेखित कोषको रकम वितरण गर्दा लुम्बिनी प्रदेश सहकारी ऐन २०७६ को दफा ५७ को उपदफा (२) बमोजिम र दफा ५२ उपदफा (२) को (ग) मा उल्लेखित कोषको रकम लुम्बनी प्रदेश सहकारी नियमावली, २०७६ को नियम २१ को उपनियम (३) बमोजिम वितरण गर्दा रकम बढी हुन आएमा उक्त बढी भएको रकम जगेडा कोषमा सारिनेछ ।

## ५७. बचत संकलन गर्न सक्ने :

(१) संस्थाले आफ्ना सदस्यहरुको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यहरुलाई मात्र ऋण परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बचत तथा ऋण नीतिमा अन्य कुराका अतिरिक्त दफा ५८, ५९, ६०, ६१ र ६२ का व्यवस्थाका साथै देहायका शर्तबन्देजहरु समावेश गरिने छन् :-

(क) सदस्यहरुबाट मात्र बचत सङ्कलन गर्नुपर्ने ।

(ख) मासिक रुपमा एकजना सदस्यले रु १०० देखि अधिकतमको सीमा सहकारी ऐन, नियमावली र बचत तथा ऋण नीतिले तोकिए बमोजिम वचत जम्मा गर्न सक्ने ।

(ग) सदस्यहरुको बचत तथा आवधिक खाता खोल्न सकिने ।

(घ) सदस्यहरुले संस्थामै आई वा कर्मचारी मार्फत् बचत जम्मा गर्न सक्ने ।

(ङ) ऐन बमोजिम तोकिएको सन्दर्भ ब्याजदरको प्रतिकूल नहुने गरी बचत तथा ऋणको ब्याजदर निर्धारण हुने,

(च) ऋणमा ब्याज पूँजीकरण नगरिने तथा ब्याज गणना गर्दा तिर्न बाँकी साँवा रकमको आधार लिइने तर भाखा नाघेको खण्डमा वार्षिक ...... प्रतिशतसम्म हर्जना लिन सकिने ।

**५८. बचत सङ्कलन सीमा :**

(१) संस्थाको जम्मा बचत दायित्व प्राथमिक पूँजी कोषको १५ गुणाभन्दा बढी हुनेछैन ।

(२) संस्थाको बचत दायित्वको रकम कुनै पनि वर्ष जम्मा बचत दायित्वको रकममा ऐन तथा नियमावलीमा तोकिएबमोजिम वार्षिक सदस्यतर्फी खरिद वा बिक्री कारोबारको रकम जोडी हुन आउने जम्मा कारोबारको तीस(३०) प्रतिशतभन्दा बढी हुनेछैन ।

## ५९. ऋण दिन सक्ने

(१) संस्थाले तरलताको लागि कम्तीमा पन्ध्र (१५) प्रतिशत वा दर्ता गर्ने अधिकारीले तोकिएको अन्य कुनै सीमासम्मको रकम छुट्याएर सदस्यहरुलाई देहायबमोजिम ऋण दिन सक्नेछ :-

(क) सदस्यको व्यक्तिगत बचतको......प्रतिशतसम्म आफ्नै बचतको सुरक्षणमा र

(ख) सदस्यको व्यक्तिगत बचतको .....सम्म स्वयं सदस्यका साथै सामूहिक जमानी बस्ने सदस्यहरुको बचतको सुरक्षणका आधारमा ऋण दिन सक्नेछ । तर यस उपदफाबमोजिम एक जना सदस्यलाई प्रदान गरिने ऋणको रकम ..... लाखभन्दा बढी हुनेछैन ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले सामूहिक जमानी विना वा .... लाखभन्दा बढी रकम ऋण लिन चाहेमा चल-अचल सम्पत्ति धितो राखेर दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने ऋण उद्यम, उद्योग व्यवसाय, शैक्षिक, आवास, स्वास्थ्योपचार, रोजगारमूलक वा उत्पादकमूलक प्रयोजनको लागि मात्र हुनेछ । तर यस उपदफामा लेखिएको कुनै कुराले अभाव, घटना, घरायसी खर्च वा अन्य अड्कोपड्को पर्दा उपदफा ( १) बमोजिम अन्य औचित्यपूर्ण प्रयोजनमा ऋण दिन बाधा पर्नेछैन ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यता लिएर नियमित रुपमा बचत जम्मा गर्न थालेको तीन (३) महिना व्यतित नहुँदै संस्थाबाट कसैलाई पनि ऋण प्रदान गरिनेछैन ।

(५) ऋणसम्बन्धी अन्य व्यवस्था बचत तथा ऋण नीतिमा उल्लेख भएबमोजिम हुनेछ ।

**६०. ऋण प्रवाहमा सीमा :**

(१) संस्थाबाट कुनै एक सदस्यलाई दफा ५९ को उपदफा (१) बमोजिम तरलता व्यवस्थापन पछिको लगानीयोग्य रकमबाट **....** प्रतिशत सम्म ऋण लगानी गर्न सकिनेछ । तर लगानीयोग्य रकम एक करोड पचास लाखभन्दा बढी भएमा यो मापदण्ड लागु हुनेछैन । अन्य व्यवस्था संस्थाको बचत तथा ऋण नीतिमा तोकिएबमोजिम हुनेछ । दफा ५९ को उपदफा (१) को अधिनमा रही कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको पदाधिकारीलाई दिन सकिने ऋणको सीमा प्रचलित कानूनको प्रतिकुल नहुने गरी साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(२) बचत र ऋणको व्याजदरबीचको अन्तर पाँच प्रतिशत भन्दा बढी हुनेछैन ।

**६१. ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुनेः**

संस्थाले सङ्कलन गरेको बचतको रकम दफा ५७ बमोजिम स्वीकृत बचत तथा ऋण नीतिका शर्तबन्देज अन्तर्गत सदस्यहरुलाई दिनेबाहेकको कुनै प्रयोजनमा लगाइने छैन । तर यसमा लेखिएको कुनै कुराले बचतको रकम तोकिएबमोजिम तरलताबापत नगदै राख्न वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल वा विकास ऋण पत्र खरिद वा उपयोग गर्न बाधा पर्नेछैन ।

**६२. साधारण सभाको स्वीकृती लिनुपर्नेः-**

समितिले देहायको विषयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको मापदण्डको प्रतिकूल नहुने गरी साधारणसभाको स्वीकृती लिनुपर्नेछ :

(क) लगानीमा रहेको ऋण मिनाहा दिनुपर्ने, अपलेखन गर्नुपर्दा वा ऋणका शर्तबन्देजहरु फेर्नु पर्दा र

(ख) संस्थाको स्वःप्रयोजनका लागि घर, जग्गालगायतका अचल सम्पत्ति खरिद गर्नु पर्दा ।

६३. सदस्य केन्द्रीयता :

(१) संस्थाले देहायबमोजिम गरी व्यवसायिक सेवामा सदस्य केन्द्रीयता कायम गर्नेछ :-

(क) बजारका लागी आवश्यक वस्तु तथा सेवा उपलब्ध गराउने व्यवसाय संस्थाले सञ्चालन गर्दा सदस्यहरुले उत्पादन गरेको वस्तु तथा सेवाको खरिद, संकलन, प्रशोधन र बजारीकरणलाई पहिलो प्राथमिकता दिएर ।

(ख) सदस्यहरुको लागि आवश्यक वस्तु तथा सेवाको आपूर्ती गर्ने व्यवसाय संस्थाले सञ्चालन गर्दा उत्पादनको संकलन, प्रशोधन एवं भण्डारण बजारमा जहाँसुकैबाट गरे तापनि बिक्रि गर्दा सदस्यहरुलाइ पहिलो प्राथमिकता दिएर ।

(ग) रोजगारी/स्वरोजगारी सिर्जना गर्ने योजना अन्तर्गत कच्चा पदार्थ वा उत्पादित वस्तु बजारमा जहाँसुकैबाट खरिद बिक्री गरेता पनि रोजगारी/स्वरोजगारीको अवसर सदस्यहरुलाई मात्र दिलाएर ।

(घ) बचत परिचालन सेवामा बचत सङ्कलन र ऋण लगानी दुबै सदस्यहरुमै सिमित गरेर ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गैर व्यावसायिक सेवाहरुमा सदस्य गैरसदस्य विच पहुँचमा कुनै किसिमले विभेद गरिने छैन ।

(३) सहकारी परम्परा अनुरुप विशेष अवस्थाका गैरसदस्यहरुलाई व्यावसायिक सेवाहरु प्रदान गर्नुपर्दा सदस्य र गैर सदस्य बिच प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमले मूल्यमा फरक गरिनेछैन ।

## ६४. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध :

(१) सञ्चालकले आफ्नो निजि स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनु हुँदैन ।

(२) सञ्चालकले आफुलाई मात्र व्यक्तिगत फाईदा हुनेगरी सहकारी संस्थामा कुनै कार्य गर्न, गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१)को विपरित हुनेगरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारवाही गरे वा गराएमा त्यस्तो काम कारवाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रुपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारवाहीबाट सहकारी संस्था, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी/नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि/नोक्सानी निजबाट असूल उपर गरिनेछ ।

## ६५. कर्मचारीसँगको कारोबारमा निर्बन्धनः

संस्थाका कर्मचारी र संस्थाबीचको कारोवार दर्ता गर्ने अधिकारीबाट जारी भएका निर्देशन बमोजिम निर्बन्धित हुनेछ ।

६६. जोखिम मूल्यांकनः

संस्थाले सदस्यता प्रदान गर्दा वा कारोवार गर्दा नियामक निकायबाट जारी भएको सम्पत्ति शुद्धीकरण निवारण निर्देशनबमोजिम जोखिम मूल्याङ्कन गरिनेछ ।

६७. कारोबार नगरिने :

सम्पत्ति शुद्धीकरण निवारण कानुन अर्न्तगत नियामक निकायबाट जारीभएको निर्देशनका व्यवस्था विपरीत संस्थाबाट कसैसँग कुनै कारोबार गरिनेछैन ।

६८.कारोबारको लेखा :

संस्थाको आर्थिक कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित, कारोवारको यथार्थ स्थिति स्पष्ट रुपमा देखिने गरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान एवं खाता संरचना बमोजिम राखिनेछ ।

६९. खाताबही :

संस्थाले देहाय बमोजिमको खाताबही, दर्ता किताब तथा निर्णय पुस्तिका राख्नेछ :-

(क) विनियमको (अनुसूची- ४) बमोजिमको सदस्य दर्ता किताब,

(ख) प्रारम्भिक साधारण ासभा, बार्षिक साधारण सभा, विशेष साधारण सभा, समिति, लेखा सुपरिवेक्षण समिति र उप-समितिहरुको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरु,

(ग) नगद बहीखाता,

(घ) संस्थाले अरु कुनै व्यक्ति वा संघ संस्थासँग कुनै कारोवार गरेको भए सो कारोवार देखाउने किताब,

(ङ) शेयर दर्ता किताब,

(च) ऋण लेनदेन गरेको दर्ता किताब,

(छ) बेरुजू एवं सम्परीक्षण किताब,

(ज) व्यक्तिगत खाता,

(झ) सदस्यहरुको व्यक्तिगत बचत खाता,

(ञ) जिन्सी दर्ता किताब,

(ट) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्वन्धी अलग अलग खाता र सहायक खाताहरु,

(ठ) दर्ता गर्ने अधिकारी र समितिले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु,

(ड) मालसामानको मौज्दात (स्टक) दर्ता किताव,

(ढ) हिसाब परीक्षा सुची, आय व्यय र स्थिती विवरण पत्र ।

**७०.आन्तरिक हिसाब जाँच :**

संस्थाको आन्तरिक हिसाब जाँच देहायबमोजिम हुनेछ,

(१) यस विनियमको दफा (३८) बमोजिम गठित लेखा सुपरीवेक्षण समितिले चौमासिक रुपमा संस्थाको आन्तरिक हिसाब जाँच गरी लिखित प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको प्रतिवेदन कार्यान्वयन गर्नु सञ्चालक समितिको दायीत्व हुनेछ ।

## ७१. वार्षिक हिसाब जाँच :

(१) संस्थाले प्रत्येक वर्षको हिसाब-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र साधारण सभाले नियुक्त गरेको लेखापरीक्षकबाट गराई सक्नेछ ।

(२) लेखापरीक्षकले आफ्नो प्रतिवेदन वार्षिक साधारणसभा समक्ष प्रस्तुत गर्नेछ ।

(३) लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकेबमोजिम हुनेछ ।

(४) एउटै लेखापरीक्षकलाई लगातार तीनपटक भन्दा बढीपटक नियुक्त गरिने छैन ।

(५) साधारण सभाले लेखापरीक्षक नियुक्त गर्दा नेपाल चार्टड एकाउन्टेन्स् संस्थामा रजिष्टर्ड भएका लेखापरीक्षकलाई मात्र गर्नेछ ।

(६) साधारण सभाले लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्नेछ ।

(७) लेखापरीक्षकको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरणसमेत समावेश भएको हुनेछ :

(क) संस्थाका पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्यमान्यता र सिद्धान्त एवं प्रचलित सहकारी कानूनको पालना गरेका छन् छैनन् ।

(ख) संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारण सभाबाट स्वीकृत नीति तथा नियमावलीहरुको पालना गरेका छन/छैनन् ।

(ग) लेखापरिक्षक नियुक्तिमा सहमति दिंदा सम्बन्धित सहकारी दर्ता गर्ने कार्यालयले दिएको निर्देशन बमोजिमका विषयहरुमा संक्षिप्त टिप्पणी ।

(घ) विशेषगरी प्रतिवेदनमा बचतकर्ताको बचतको सुरक्षणको अवस्था के छ, लगानीहरु प्रयाप्त सुरक्षणको आधारमा गरिएको छ छैन, व्यवस्थापकबाट फजुल खर्च रोक्नेतर्फ के कस्ता प्रयासहरु भएका छन् वा छैनन् ।

(ङ) संस्थाका पदाधिकारी एवं कर्मचारीहरुले लिएको ऋण र पेश्कीका बारेमा लिएको अंक,रकम दिंदा अवलम्बन गरिएको प्रक्रिया, ऋणको भाखा नाघे ननाघेको र साँवा ब्याज समयमै तिरे नतिरेको विवरण, पेश्की लिनुको प्रयोजन, आर्थिक अनुशासन आदि ।

(८) लेखापरीक्षकको प्रतिवेदनमा उपरोक्त विवरण समावेश नभएमा साधारण सभा वा निमनकारी निकायले अर्को लेखापरीक्षक नियुक्त गर्न निर्देशन गर्न सक्नेछ वा त्यस्ता लेखापरीक्षकलाई त्यस संस्थाको आगामी वर्षहरुको लेखापरीक्षण गर्न अनुमति नदिन सक्नेछ ।

**७२. विद्युतीय लेखा प्रणालीको प्रयोग :-**

संस्थामा विद्युतीय लेखा प्रणालीको प्रयोग गदा प्राविधिक एवं वित्तीय सुरक्षाको प्रत्याभूति गरी दर्ता गर्ने अधिकारीको पूर्वस्वीकृति लिइनेछ ।

**७३. अन्य आधारभूत कागजात :**

संस्थामा आधारभूत अभिलेख तथा कारोबारको हिसाबकिताब पृष्ठसुरक्षा (ब्याकअप) को व्यवस्थासहित संरक्षण गरिनेछ ।

**७४. एकिकृत सूचना प्रणालीमा आवद्धताः**

समितिले संस्थाका सम्पूर्ण वित्तीय तथा व्यवस्थापकीय सूचना नियामक निकायबाट स्थापित सहकारी सूचना प्रणालीमा एकिकृत गरी निरन्तर अद्यावधिक गर्ने व्यवस्था

मिलाउनु पर्दछ । तर यसमा लेखिएको कुनै कुराले संस्थाले प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने सूचना अलग्गै संरक्षण गर्न बाधा पुर्याएको मानिने छैन ।

**७५. दर्ता अधिकारी समक्ष प्रतिवेदन :-**

संस्थाले ऐनको दफा ५९ को उपदफा (१)मा उल्लेखित विवरणसहितको वार्षिक प्रतिवेदन साधारणसभा सकिएको मितिले पन्ध्र दिनभित्र दर्ता अधिकारी समक्ष पेश गर्नेछ ।

**७६. वित्तीय जानकारी एकाइमा प्रतिवेदन :-**

सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम वित्तीय जानकारी एकाईमा प्रतिवेदन गर्नुपर्ने कारोबारको प्रतिवेदन नियमित रुपमा निर्धारित समयभित्रै पठाइनेछ ।

**७७. साधारण सभामा जानकारी गराउनुपर्ने :-**

अध्यक्ष वा प्रतिनिधिले देहायका विषयको संक्षिप्त व्यहोरा सहितको जानकारी लगत्तै वस्ने साधारणसभामा जानकारी गराउनु पर्नेछ ।

(क) संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्कबाट भएका निर्णयहरु,

(ख) कुनै निकायबाट संस्थालाई प्राप्त वित्तिय वा गैर वित्तिय सहयोगको रकम वा प्रतिवद्धता र

(ग) दर्ता गर्ने अधिकारी वा कानुनबमोजिम नियामक निकायका तर्फबाट प्राप्त टिप्पणी वा निर्देशिका वा नीतिहरु ।

## ७८. सूचनाको हक तथा अग्रतापूर्ण खुलासा :-

(१) संस्थाका प्रत्येक सदस्यलाई संस्थासँग सरोकार राख्ने कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ तर कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन संस्था बाध्य हुने छैन ।

(२) संस्थाका कुनै सदस्यले संस्थाको आर्थिक अवस्था र अन्य कुनै कारोवारका वारेमा जानकारी माग गरेमा उपलब्ध गराउनु सञ्चालक र व्यवस्थापकको कर्तव्य हुनेछ । अन्य सदस्यहरुको व्यक्तिगत खाता कानून बमोजिम बाहेक गोप्य राखिनेछ । संस्थाको अनुगमन गर्न अख्तियारी पाएको निकाय वा कर्मचारीले संस्थाका सबै कारोवार जाँच गर्दा एवं थप विवरण माग गरि संस्थाको गतिविधि माथि निगरानी राख्दा सञ्चालकएवं कर्मचारीहरुले सहयोग पुर्‌याउने छन् ।

## ७९. सूचनाको संरक्षण :-

संस्थाले प्रचलित कानुनबमोजिम राख्नुपर्ने सम्पूर्ण सूचनाहरु संस्थाकै मातहतमा संरक्षण गरी राख्नेछ ।

## ८०. हकवालाको मनोनयनः

(१) सदस्यले हकवाला मनोनीत गर्दा कम्तीमा दुई जना संस्थाको सदस्यहरुको रोहबरमा लिखत तयार गरी गर्नुपर्नेछ र त्यस्तो लिखतमा मनोनीत गर्ने सदस्य र साक्षीहरु समेतको सहीछाप गरेको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हकवाला मनोनीत गर्ने सदस्यले एकभन्दा बढी शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनीत गर्नु पर्नेछ ।

(३) कुनै सदस्यले उपदफा (२)को अधिनमा रही एकजना भन्दा बढी व्यक्तिहरुलाई हकवाला मनोनीत गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र

हकको दामासाही स्पष्ट रुपले लिखतमा खुलाउनु पर्नेछ । अन्यथा प्रचलित कानुन अनुसार हुनेछ ।

## ८१. हकदावी वा नाम सारी :-

(१) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको हक विनियमको दफा ८० बमोजिम मनोनीत गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाममा नामसारी गर्न सकिनेछ ।

तर, त्यस्तो हकवाला संस्थाको सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको मितिले ६ महिनाभित्र सदस्यताको लागि योग्य अरु कुनै हकवालाको नाममा नामसारी गरी पाउँ भनी दरखास्त दिन सक्नेछ र संस्थाले सो हकवालाको नाममा नामसारी गरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा संस्थाले निजले पाउने शेयर र बचत रकम त्यस्तो हकवालालाई फिर्ता गरिदिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मृत सदस्यको हकवाला नावालक रहेमा वा निजको मानसिक सन्तुलन ठीक नरहेमा मृत सदस्यले पाउने सम्पूर्ण रकम कम्तीमा दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

## ८२. निर्वाचन :-

(१) संस्थाको विनियमको अधीनमा रही सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्न सञ्चालक समितिले एउटा निर्वाचन समिति गठन गर्नेछ ।

(२) समितिले निर्णय गरि सहकारीको क्षेत्रमा अनुभव हासिल गरेको व्यक्तिको संयोजकत्वमा संस्थाको सदस्यहरु मध्ये एकजना सदस्य (निर्वाचनमा उम्मेदवार नहुने) र सम्बन्धित सहकारी दर्ता गर्ने कार्यालयको एक जना कर्मचारी प्रतिनिधि रहने गरी जम्मा तीन सदस्य भएको निर्वाचन समिति गठन गर्नेछ । सहकारी कार्यालयले प्रतिनिधि खटाउन नसकेमा वा नखटाएमा सो ठाउँमा रहेका विद्यालय, सरकारी कार्यालय, वा स्थानीय तहका कर्मचारी वा कानून व्यवसायी लाई सदस्यका रुपमा संस्थाले तोक्न सक्नेछ ।

(३) निर्वाचन समितिले उपदफा (१) मा उल्लेखित पदाधिकारीहरुको निर्वाचन प्रजातान्त्रिक प्रक्रिया बाट सम्पन्न गर्नेछ ।

(४) निर्वाचन समितिले निर्वाचन प्रक्रिया अन्तर्गत प्रकाशन गरेका निर्वाचन कार्यक्रम, सदस्यहरुलाई गरेको सार्वजनिक सूचना, निर्णयहरु, प्रयोगमा ल्याएका विभिन्न कागजात एवं मनोनयन फारम साथ उम्मेदवारले पेशगरेका आवश्यक प्रमाणहरु सील गरी सुरक्षित साथ राख्ने जिम्मेवारी नयाँ निर्वाचित सञ्चालक समितिको हुनेछ ।

(५) निर्वाचन समितिले निर्वाचित पदाधिकारीलाई निर्धारित ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ र सपथ ग्रहण गराउनेछ ।

(६) निर्वाचन समितिलाई आफ्नो काम सम्पन्न गर्न/गराउन समिति र संस्थाको कार्यालय व्यवस्थापनले आवश्यक साधन, श्रोत र जनशक्ति उपलब्ध गराउनेछ ।

(७) निर्वाचनसम्बन्धी व्यवस्था संस्थाको साधारणसभा सञ्चालन कार्यव्यवस्था निर्देशिका,ऐन,नियम र विनियम नबाँझिने गरी गरिनेछ ।

८३. शपथ ग्रहण :-

सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र अन्य उप-समितिका पदाधिकारीहरुले तोकिएबमोजिम शपथ लिनुपर्नेछ । शपथ ग्रहण अनुसूची- ३ मा तोकिएको ढाँचा बमोजिम हुनेछ ।

## ८४. एकीकरण वा विभाजन :-

(१) संस्थाको साधारण सभाको दुईतिहाई सदस्यको बहुमतले संस्था एकीकरण वा विभाजन गर्ने निर्णय गरेमा संस्थाको एकीकरण वा विभाजन गर्न सकिनेछ । संस्थाको एकीकरण र विभाजन गर्दा लुम्बिनी प्रदेश सहकारी ऐन २०७६, को दफा ७२ बमोजिमको प्रक्रियाको पालना गरिनेछ ।

(२) संस्थाको साधारण सभाको कुल सदस्य संख्याको दुईतिहाई सदस्यको बहुमतले संस्था विघटन गर्ने निर्णय गरेमा संस्थाको विघटन हुनेछ । संस्थाको विघटन गर्दा लुम्बिनी प्रदेश सहकारी ऐन २०७६, को दफा ७३ बमोजिमको प्रक्रिया अपनाइनेछ ।

## ८५. कार्यान्वयन अधिकारी :-

(१) सञ्चालक समितिले तोकेको पदाधिकारीले कार्यान्वयन अधिकारीको रुपमा कार्य गर्नेछ ।

(२) उपदफा (१)बमोजिम कार्यान्वयन अधिकारी नतोकिए व्यवस्थापकले नै कार्यान्वयन अधिकारीको सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम अधिकृत स्तरको कर्मचारीको रुपमा कार्य गर्ने रुपमा कार्य गर्नेछ ।

## ८६. मध्यस्थता :-

संस्थाको कुनै प्रकारको विवाद समाधान गर्ने कार्यमा सम्बन्धित सहकारी संघ वा विषयगत सहकारी संघ वा संस्था आबद्ध रहेको अन्य सहकारी संघ संग आवश्यकतानुसार मध्यस्थता गरी समस्या समाधानका लागि समितिले अनुरोध गर्न सक्नेछ । संस्थामा विद्यमान विवाद वा अन्य समस्याहरु सुल्झाउन सम्बन्धित

नियमनकारी निकाय आफैले वा सहकारीका कुनै संघका पदाधिकारीमार्फत् पहल गरेमा संस्थाका सबै सदस्य र सबै पदाधिकारीहरुले सहयोग पुऱ्याउनेछन् ।

**८७. समानता र समता :-**

(१) संस्थाको कार्य सञ्चालनका समस्त प्रक्रियाहरुमा सदस्यहरु माझ आर्थिक योगदान वा अन्य कुनै आधारमा भेदभाव नगरी समान हैसियतमा सहभागी हुने अवसर प्रदान गरिनेछ ।

(२) लैङ्गिक विभेदका कारण आमरुपमा न्युन भइरहेको नेतृत्व पंक्तिमा महिला उपस्थिति बढाउनका साथै सञ्चालकीय भूमिकामा अपाङ्गता भएका वा लक्षित समूदायका सदस्यहरुलाई प्रोत्साहन दिनको लागि आवश्यक समतामूलक व्यवस्थाहरु गरिनेछन् ।

**८८. विनियम संशोधन :-**

संस्थाको कूल सदस्य संख्या मध्ये कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भएको साधारण सभामा दुई तिहाई सदस्यहरुको निर्णयबाट संस्थाले आफ्नो विनियम संशोधन गर्न सक्नेछ । यसरी संशोधन भएको विनियम सहकारी ऐन बमोजिम सम्बन्धित सहकारी कार्यालयमा पेश गरी दर्ता अधिकारी वा निजको अधिकार प्राप्त अधिकारीले स्वीकृति दिएपछि लागु हुनेछ ।

**८९. साधारण सभाले कार्यविधि बनाउन सक्ने :-**

संस्था सञ्चालनको लागि आवश्यक कार्यविधिहरु साधारणसभाले बनाउन सक्नेछ ।

**९०. व्याख्या गर्ने अधिकार :-**

यस विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ । साधारण सभाबाट पनि सुल्झिन नसकेमा सहकारी ऐन, नियमबमोजिम हुनेछ ।

## ९१.. ऐन नियमावलीसँग बाँझिएकोमा अमान्य हुने :-

(१) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरु सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरुसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन् ।

(२) यस विनियममा उल्लेख नभएका विषयहरुको बारेमा सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरुबमोजिम संस्थाको काम कारवाही सञ्चालन गरिनेछ ।

## ९२. खारेजी र बचाउः

पुर्नलिखीत विनियम ..... स्वीकृत भए पश्चात यस सहकारी संस्थाको विनियम ..... खारेजी भएको मानीनेछ ।

| पेश गर्ने कर्मचारीको | स्वीकृत गर्ने पदाधिकारीको |
|---|---|
| नाम :– | नामः- |
| दस्तखत :– | दस्तखतः- |
| पद :– | पदः- |
| कार्यालयको छापः- | मिति :- |

# अनुसूची- १

(विनियमको दफा २ को (झ)सँग सम्बन्धित)

## संस्थाको प्रतीक चिन्ह र छाप

संस्थाको प्रतीक चिन्ह र छाप यसप्रकार हुनेछ

**(लोगोको व्याख्या र चित्र प्रस्तुत गर्ने)**

# अनुसूची- २

(विनियमको दफा २४ सँग सम्बन्धित)

## शेयर प्रमाण-पत्र

सदस्यता नं......                                                                 मितिः-

श्री ............. को नाति/नातिनी श्री ..... को छोरा/छोरी श्री .......... को पत्नी, .... जिल्ला .....गाउँपालिका/नगरपालिका, वडा नं...... बस्ने श्री...............................ले यस **श्री................ सहकारी संस्था लिमिटेड**को रु. ....... दरको शेयर नं. ............. देखि ... सम्मको जम्मा ......कित्ता शेयर वापत जम्मा रु ........ (अक्षरेपी........मात्र) बुझाई यस संस्थाको शेयर खरीद गर्नु भएकोले यस संस्थाको छाप लागेको यो प्रमाण पत्र प्रदान गरिएको छ ।

.................. ........................ ............................

संस्थाको छाप          अध्यक्ष          व्यवस्थापक

## शेयर दाखिला विवरण

| क.सं. | प्रति शेयर मूल्य | शेयर संख्या | शेयर खरिद मिति | बुझाएको जम्मा रकम | दाखिला खारेज | | दाखिला खारेज गरी पाउनेको | | बाँकी शेयर | संस्थाबाट प्रमाणित गर्नेको | | संस्थाको छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भएको मिति | शेयर कित्ता | नाम | ठेगाना | | नाम | दस्तखत | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

# अनुसूची- ३

(विनियमको दफा ८३ सँग सम्बन्धित)

## शपथ ग्रहण

म **श्री ………… सहकारी संस्था लिमिटेड**को …………पदमा **….** औं साधारण सभाबाट निर्वाचित भएकोमा पदाधिकारीको हैसियतवाट कुनै किसिमको लोभ,लालच र मोलाहिजा नगरी पक्षपात रहित ढङ्गवाट निर्णय गर्नेछु । मलाई ज्ञात हुन आएको सहकारी र संस्थासँग सम्बन्धीत कुनै गोप्य कुरा आधिकारिक व्यक्ति वाहेक अन्य कसैलाई म पदमा रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भन्ने वा संकेत गर्ने छैन ।

| सपथ ग्रहण गराउनेको | सपथ ग्रहण गर्नेको |
|---|---|
| सहीः- | सहीः- |
| नामः- | नामः- |
| पदः- | |